नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

## विज्ञप्ति

पछिल्लो समयमा विभिन्न पत्रपत्रिका, सञ्चार माध्यम, सामाजिक सञ्जालहरुमा मिटर ब्याजमा रकम उपलब्ध गराउने, सो बापत घर जग्गा लिखत पास गरी लिने दिने, यस बापत कानून विपरित ठूलो रकम ब्याज स्वरुप असूल गर्ने, सम्पति कब्जा गर्ने, यौन शोषण गर्ने एवं शारीरिक र मानसिक रुपमा यातना दिने लगायत प्रकाशित समाचारहरुप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

त्यस्ता कार्य प्रचलित कानून अनुसार दण्डनीय भएकोले त्यस किसिमका कानून विपरीतका क्रियाकलाप कोही कसैले नगर्नु नगराउनु हुन र यस्ता गतिविधिहरू भएको कुनै सूचना प्राप्त भएमा तत्काल नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी इकाईमा जानकारी गराउनुहुन सर्वसाधारणमा अनुरोध गरिन्छ । साथै, त्यस्ता गैरकानूनी कार्य गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गर्न सुरक्षा निकायहरुलाई निर्देशन भइसकेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७९/२/२७

फणिन्द्रमणि पोखरेल

सहसचिव/प्रवक्ता

मितिः २०७९/०२/२७